ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरण
भागेश्वर गाउंपालिका

२०७५ श्रावण



आर्थिक वर्ष २०७४/०७५ को

वार्षिक

# प्रगति प्रतिवेदन

भगेश्वर गाउंपालिका
गाउंकार्यपालिकाको कार्यालय
बगरकोट, डडेल्धुरा
प्रदेश नं. ७ , नेपाल

ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना
प्राविधिक सहयोग इकाई
...................................

# विषय सूची


**आर्थिक वर्ष २०७४/०७५ को प्रगती सारांश** ........ 2

**१. पृष्ठभूमी** ........ 4

**२. लक्ष बमोजिम उपलब्धी** ........ 5

**२.१. भौतिक प्रगति** ........ 5

**२.२. क्षमता विकास** ........ 5

**२.३. जीविकोपार्जन कार्यक्रम** ........ 6

**३. अनुगमन तथा प्रतिवेदन** ........ 7

**४. प्रगती समीक्षा तथा योजना तर्जुमा** ........ 9

**५. नीति तर्जुमा** ........ 9

**६. सहकार्य** ........ 9

**अनुसूची १ : यस आ.व.मा संचालित योजनाहरुको विवरण** ........ 11

**अनुसूची २ : यस आ.व.मा संचालित तालिमहरुको विवरण** ........ 12

**अनुसूची ३ : सहकारी संस्थाको विवरण** ........ **Error! Bookmark not defined.**

**अनुसूची ४ : गाउँपालिकाका नमूना उपलब्धीहरु तथा सफलताका कथाहरु** ........ 15

**अनुसूची ५ : भिजिबिलिटी** ........ 19

**अनुसूची ६ : जनशक्ति विवरण** ........ 21


## तालिका सूची


तालिका १ : यस आर्थिक वर्षमा हासिल गरिएको भौतिक उपलब्धी
तालिका २ : लक्ष बमोजिम भौतिक उपलब्धी हासिल हुन नसक्नुको कारण
तालिका ३ : क्षमता विकास तर्फ प्रशिक्षित जनशक्तिको विवरण सारांश
तालिका ४ : घरबारी व्यवस्थापन गर्ने घरधुरी विवरण
तालिका ५ : आयआर्जन सम्बन्धी विवरण
तालिका ६ : सहकारी सम्बन्धी विवरण
तालिका ७ : योजनास्तरमा गरिएको अनुगमनको विवरण
तालिका ८ : गाउँपालिकाबाट परियोजनामा पेश भएका प्रतिवेदनहरु
तालिका ९ : अनुगमनमा औँल्याइएका सुझाबहरुको कार्यान्वयन
तालिका १० : गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक
तालिका ११ : परियोजनासँग सम्बन्धित कृयाकलापहरुमा सहकार्य
तालिका १२ : आइपरेका समस्याहरु तथा समाधानका प्रयासहरु




GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

## आर्थिक वर्ष २०७४/०७५ को प्रगती सारांश

| | | | | | |
|---|---|---|---|---|---|
| **स्थानीय तहको नाम:** | भगेश्वर गाउँपालिका/नगरपालिका | | | | |
| **परियोजनाको नाम :** | ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरण | | | | |
| **प्रतिवेदनको समयावधी** | १ श्रावण २०७४ देखी ३१ आषाढ २०७५<br>(16th July 2017 to 16th July 2018) | | | | |
| **क. आर्थिक प्रगती सारांश** | | | | | |
| **परियोजनाको लागि यस आ.ब.को कुल बजेट तथा खर्चको अवस्था** (रु हजारमा)<br>(दातृ निकाय, नेपाल सरकार तथा स्थानीय तह समेत) | **शीर्षक** | **बजेट** | **निकासा** | **खर्च** | **खर्च %** |
| | पूँजीगत | १,०१,७७,००७.७८ (१०,१७७ .हजारमा) | १,०१,७७,००७.७८ (१०,१७७.हजारमा) | १,०१,७७,००७.७८ (१०,१७७.हजारमा) | १०० |
| | कार्यक्रम/चालु: | ५८,०६,००० (५८०६ हजारमा ) | | ३६,१५,४०३ (३६१५.४ हजारमा ) | ६२.२७ |
| | **जम्मा** | १,५९,८३,००७.७८ (१५,९८३ .हजारमा) | | १,३७,९२,४१०.७८ (१३७९२.४१ .हजारमा) | ८६.२९ |
| **श्रोतगत रुपमा आर्थिक बर्षको बजेट तथा खर्चको अवस्था** (रु हजारमा) | **लगानीको स्रोत** | **बजेट** | **निकासा** | **खर्च** | **खर्च %** |
| | स्थानीय तह | १४,९४,००७.७८ (१४९४ .हजारमा) | १४,९४,००७.७८ (१४९४ .हजारमा) | १४,९४,००७.७८ (१४९४ .हजारमा) | १०० |
| | नेपाल सरकार | ५७,६४,००० (५७६४.हजारमा) | | | |
| | दातृ निकाय (GoF/EU) | ८७,२५,००० (८७२५.हजारमा) | | | |
| | **जम्मा** | १,५९,८३,००७.७८ (१५,९८३.हजारमा) | | | |
| **ख. भौतिक प्रगती सारांश** | | | | | |
| **नतिजा क्षेत्र** | **आर्थिक वर्षको बुँदागत प्रमुख उपलब्धी** | | | | |
| नतिजा १ : खानेपानी, सरसफाइ तथा स्वच्छता | ३ बटा खानेपानी तथा सरसफाइ योजनाको भौतिक निर्माण कार्य सम्मन्न भइ ७८२ जना प्रत्यक्ष रुपमा फाइदा लिइरहेका छन भने ३ बटा खा.पा. योजना निर्माणधिनमा रहिआएका छन। | | | | |
| नतिजा २ : जीविकोपार्जन प्रवर्द्धन | ७ बटा घरबारी ब्यबस्थापन समुहका २०४ जना ब्यक्ति तथा २०४ घरधुरीले ३ दिने घरबारी ब्यवस्थापन तालिम लिइ ताजा तरकारी उत्पादन तथा प्रयोग गर्दै स्वास्थ्यमा सुधार ल्याउनुका साथै जिबिकोपार्जनमा सुधार आएको छ | | | | |



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

| | |
|---|---|
| | |
| नतिजा ३ : जलवायु परिवर्तन अनुकुलन/प्रकोप जोखिम न्यूनीकरण | व्यबस्थीत घरबारी व्यबस्थापन तथा प्राबिधिक सर्बेक्षणको आधारमा निर्माण गरीएका खा.पा. योजनाले जलबायु परिबर्तनमा सहयोग पुग्दै आएको छ। साथै सरसफाइका हिसाबले सुधारिको चुलोले निकै प्रभाब पार्दै आइको छ। |
| नतिजा ४ : क्षमता विकास | स्थानिय स्तरमा आबश्यकता अनुसारका बिषयमा तालीम प्राप्त पश्चात् खानेपानी जिबिकोपार्जन स्वास्थ्य सरसफाइमा सुधार ल्याउनु का साथै सबलै सेवा पाइरहेका छन । |

# आर्थिक वर्ष २०७४/०७५ को वार्षिक प्रगति प्रतिवेदन

## १. पृष्ठभूमी

कर्णाली प्रदेश र प्रदेश सातका ग्रामीण क्षेत्रमा **"न्यायोचित, समतामूलक तथा दिगो रुपमा पानीको उपयोगको माध्यमवाट स्थानीय जनताहरुको जीवनस्तर सुधार तथा जीवीकोपार्जनका अवसरहरुको वृद्धि गर्ने"** लक्ष्यका साथ नेपाल सरकार र गणतन्त्र फिनल्याण्ड सरकार बीच सम्झौता भई आर्थिक वर्ष २०६३/०६४ देखि यस क्षेत्रका १० जिल्लाहरु (अछाम, बैतडी, बझाङ्ग, बाजुरा, डडेलधुरा, दार्चुला, डोटी, कैलाली, दैलेख र हुम्ला) मा सफलतापूर्वकनिरन्तर सञ्चालन भइरहेको ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना (RVWRMP)राज्यको पुनर्सरचनासँगै नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को मर्म अनुरुप अर्थिक वर्ष २०७४/०७५ को आरम्भ देखिनै स्थानीय सरकार मातहत कार्यान्वयन भईरहेको छ।

नेपालमा संघीयताको कार्यान्वयन सँगै नेपालको संविधान २०७२ ले परिकल्पना गरे वमोजिम स्थानीय विकास निर्माणको जिम्मेवारी स्थानीय तहको काँधमा आएको छ। संघ र प्रदेशको संयुक्त अधिकार सूचीमा भएका बाहेक स्थानीय तहका विभिन्न २२ वटा अधिकारहरु नेपालको संविधान, २०७२ को अनुसूची ८ मा व्यवस्था गरिएको छ। जस अनुसार स्थानीय स्तरका जनसरोकारका सबै विषयवस्तुहरुको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन स्थानीय तहको जिम्मेवारी भित्र पर्दछ।

यस गाउँपालिकामा परियोजना कार्यान्वयन गर्नको लागि मिति २०७४/०४ / २५ मा स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग र जिल्ला समन्वय समिति बीच समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको हो। सोहि समझदारी पत्रमा उल्लेख भएका बुँदाहरु तथा परियोजनाको स्वीकृत परियोजना कार्यान्वयन निर्देशिका मा उल्लेख भएका प्रावधानहरु मातहत रही आर्थिक वर्ष २०७४/०७५ मा किटान गरिएका लक्ष वमोजिम हासिल गरिएका उपलव्धीहरु, आइपरेका समस्याहरु लगायतका विषयहरुलाई विश्लेषण गरी यो वार्षिक प्रतिवेदन तयार गरिएको छ।

आर्थिक वर्ष २०७४/०७५ मा परियोजना अन्तर्गत कुल बिनियोजित रकम मध्ये १०० प्रतिशत निकासा भै ८६.२९ प्रतिशत खर्च भएको छ। जसमध्ये नेपाल सरकार तर्फको रु. ३,२४,४३२ रकम फ्रिज भएको छ भने दातृ निकाय तर्फको रु १८,४६,६६५ अर्को वर्षमा सरी गएको छ। स्थानीय तहको विनियोजित मध्ये रु. ० खर्च नभई आगामी वर्षमा सरी गएको छ। यस स्थानीय तहमा बजेटको तुलनामा ८६ % आर्थिक प्रगति हासिल भएको छ।

तर्जुमा गरिएका खानेपानी योजना भौतिक निर्माण तर्फका योजनाहरु मध्ये ३ योजनाहरु सम्पन्न भएका छन् भने ३ निर्माणाधिन योजनाहरु आगामी बर्ष समेत निरन्तर रुपमा निर्माण कार्य हुने गरी जिम्मेवारी सरी गएका छन्।

यस प्रतिवेदनमा भागेश्वर गाउपालिकामा ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना अन्तर्गत हासिल भएको प्रगती तथा सम्पन्न हुन नसकेकाका क्रियाकलापहरु तथा आइपरेका समस्याहरुलाई संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ। यस प्रतिवेदनले गाउँपालिका परियोजना व्यवस्थापन समिति तथा परियोजना सहयोग इकाई/परियोजना समन्वय कार्यालयलाई समेत भविष्यमा परियोजनालाई थप प्रभावकारी बनाउनको लागि चाल्नु पर्ने आवश्यक कदमको बारेमा मार्गदर्शन प्रदान गर्ने अपेक्षा गरिएको छ।



GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland

# २. लक्ष बमोजिम उपलब्धी

## २.१. भौतिक प्रगति

यस गाउँपालिकामा आर्थिक वर्ष २०७४/०७५ मा भौतिक निर्माण तर्फ हासिल गरिएको प्रमुख उपलब्धी बुँदागत रुपमा निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

१. भडालीखेत खा.पा. योजना ठुलागडा बिपलम खा.पा. योजना र खानसल्ली खा.पा. योजना अन्तरगत लागत इस्टिमेत अनुसार सम्पुण भौतिक संरचनाहरु निर्माण भइ योजना संञ्चालनमा आई ७८२ जनाले प्रत्यक्षरुपमा फाइदा लिइरहेका छन ।

***तालिका १ : यस आर्थिक वर्षमा हासिल गरिएको भौतिक उपलब्धी***

| क्र.सं. | योजनाको प्रकार | सम्पन्न गर्ने लक्ष | | हासिल भएको उपलब्धी | | प्रगती प्रतिशत (%) | |
|---|---|---|---|---|---|---|---|
| | | योजना संख्या | लाभान्वित जनसंख्या | योजना संख्या | लाभान्वित जनसंख्या | योजना संख्या | लाभान्वित जनसंख्या |
| १ | खानेपानी योजनाहरु | ३ | ७८२ | ३ | ७८२ | १०० | १०० |
| २ | सिँचाई योजनाहरु | | | | | | |
| ३ | संस्थागत चर्पीहरु | | | | | | |
| ४ | घरबारी व्यवस्थापन | ९ समुह | २७० | ७ | २०४ | | ७७.६६ |
| ५ | सुधारिएको चुल्हो | ९० घरमा | ५४० | २५ | १५० | २७ | २७ |
| ६ | सुधारिएको पानी घट्ट | | | | | | |

तपसील बमोजिमको कारणले लक्ष गरिए बमोजिम योजनाहरु सम्पन्न हुन नसकी लक्षीत उपलब्धी हासिल हुन सकेन ।

***तालिका २ : लक्ष बमोजिम भौतिक उपलब्धी हासिल हुन नसक्नुको कारण***

| क्र.सं. | लक्ष बमोजिम उपलब्धी हासिल हुन नसक्नुको कारण | भविष्यमा यस प्रकारको समस्या आउन नदिनको लागि गाउँपालिका परियोजना व्यवस्थापन समितिको रणनीति |
|---|---|---|
| १ | गा.पा.को नियमानुसार एउटै व्यक्ति दुई वटा समितीको अध्यक्ष हुन नसक्ने भएका कारण भुक्तानी नहुदा लक्ष्य अनुसार प्रगती हुन नसकेको | सुधारिएको चुलो निर्माणका लागी हुदै उपभोक्ता समिती गटन गरी कार्य संञ्चालन गर्नु पर्ने। |

गाउँपालिका भित्र परियोजनाको सहयोगमा सम्पन्न भएका तथा निर्माणाधिन योजनाहरुको सूची अनूसुची १मा दिइएको छ ।

## २.२. क्षमता विकास

आर्थिक वर्ष २०७४/०७५ मा यस गाउँपालिकामा क्षमता विकास तर्फ हासिल भएका प्रमुख उपलब्धीहरु निम्न बमोजिम रहेका छन् ।

१. योजना दिगो बिकास तथा पानी सुरक्षा सम्बन्धि ज्ञान हासिल ।

२. पुर्ण सरसफाई सम्बन्धि चेतना अभिबृधि।



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

३ घरबारी व्यबस्थापन तथा जिबिकोपार्जन सम्बन्धि आर्थिक अभिबृधि।

४. योजना तर्जमा तथा आबश्यकता पहिचान र योजना प्राथमिकिकरणमा सहयोग ।

५. सुधारिएको चुलो तथा धुवा रहित भान्साको फाइदा बारे जानकारी तथा स्वास्थ्यमा सूधार।

६. स्थानीय व्यक्तिहरुको क्षमतामा बिकास।

*तालिका३ :क्षमता विकास तर्फ प्रशिक्षित जनशक्तिको विवरण सारांश*

| क्षमता अभिवृद्धि क्रियाकलाप | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष | जम्मा महिला | जम्मा पुरुष |
|---|---|---|---|---|---|---|---|---|
| खानेपानी योजना चरणवद्ध कार्यपद्धति वमोजिमका तलिम | ९ | ६ | | | ६२ | ५४ | ७१ | ६० |
| सरसफाइ, स्वच्छता तथा महिनावारी व्यवस्थापन सम्बन्धी तालिम तथा बैठक गोष्ठि | ६९ | ८ | | | ५५५ | १५६ | ६२४ | १६४ |
| जिवीकोपार्जन तथा सहकारी विकाससंग सम्बन्धित तालिमहरु | ११ | १ | | | १८० | ३७ | १९१ | ३८ |
| स्थानीय स्रोत व्यक्ति विकाससंग सम्बन्धित प्राविधिक तालिमहरु | | | | | १ | १ | १ | १ |
| जलउपयोग तथा जीविकोपार्जन कार्यान्वयन गुरुयोजनासंग सम्बन्धित तालिमहरु | | | | | ४ | ३ | ३ | ४ |
| नवीकरणीय उर्जा तथा जलवायु परिवर्तन संग सम्बन्धित तालिमहरु | | | | | | ५ | | ५ |
| गाउँपालिका तथा जिल्ला स्तरीय क्षमता विकास तालिमहरु | | | | | १ | ४ | १ | ४ |
| **जम्मा** | | | | | | | | |

तालिमको विस्तृत विवरण अनुसूची २ मा दिइएको छ ।

## २.३. जीविकोपार्जन कार्यक्रम

यस आर्थिक वर्षमा जीविकोपार्जन तर्फ यस गाउँपालिकामा निम्न बमोजिमको प्रमुख उपलब्धी हासिल भएको छ ।

१. घरबारी

२.आयआर्जन

३. स्थानीय स्रोत व्यक्ति उत्पादन



GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland

*तालिका४ : घरबारी व्यवस्थापन गर्ने घरधुरी विवरण*

| वडा नं. | अघिल्लो आ.व. सम्म | | | | यस आ.व. मा | | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दलित | जनजाती | अन्य | जम्मा | दलित | जनजाती | अन्य | जम्मा | दलित | जनजाती | अन्य | जम्मा |
| ३ | | | | | | | १२१ | १२१ | | | | |
| ५ | | | | | १० | | ७३ | ८३ | | | | |
| **जम्मा** | | | | | **१०** | | **१९४** | **२०४** | | | | |

*तालिका५ : आयआर्जन सम्बन्धी विवरण*

| क.सं. | आयआर्जन क्रियाकलापहरु | व्यवसाय गर्ने जम्मा व्यक्ति | | | |
|---|---|---|---|---|---|
| | | दलित | जनजाती | अन्य | जम्मा |
| १ | व्यवसायिक तरकारी तथा मसला खेती | १ | | १७ | १८ |
| २ | व्यवसायिक फलफूल खेती | १ | | १७ | १८ |
| ३ | लघुउद्यम व्यवसाय | | | | |
| ४ | बहुद्देश्यीय नर्सरी व्यवस्थापन | | | २ | २ |
| ५ | एग्रोभेट | | | १ | |
| **जम्मा** | | | | | |

*तालिका ६ : सहकारी सम्बन्धी विवरण*

| क.सं. | सूचकहरु | परियोजनाको प्राविधिक सहयोग प्राप्त सहकारीको नाम | | | |
|---|---|---|---|---|---|
| | | ........................ | ................. | .................. | ..................... |
| १ | सहकारीमा आवद्ध उपभोक्ता समिति संख्या | | | | |
| २ | शेयर धनीहरुको संख्या | | | | |
| ३ | कुल सम्पत्ती रु. | | | | |
| ४ | कुल ऋण लगानी रु | | | | |
| ५ | असूली दर | | | | |
| ६ | खुद नाफा रु | | | | |
| ७ | मर्मत सम्भार कोष विनियोजन रु | | | | |
| ८ | जगेडा कोष रु. | | | | |
| ९ | सञ्चालन आत्मनिर्भरता | | | | |

हरेक सहकारीको विस्तृत विवरण अनुसूची ३ मा दिइएको छ ।

## ३. अनुगमन तथा प्रतिवेदन

गाउँपालिका तथा स्थानीय पूर्वाधार विकास विभाग तथा कृषि सडक विभाग बीच सम्पन्न समझदारी बमोजिम यस गाउँपालिकामा परियोजनाका क्रियाकलापहरुको नियमित रुपमा अनुगमन गर्नको लागि मिति २०७४ /४ /२५मा अनुगमन



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

कार्यदल गठन गरिएको छ । (यदि गठन गरिएको छैन भने कहिले गर्ने हो उल्लेख गर्ने)

***तालिका७ : योजनास्तरमा गरिएको अनुगमनको विवरण***

| क.सं. | योजनाको नाम | चरणवद्ध कार्यपद्धति वमोजिम गर्नुपर्ने स्थलगत अनुगमन संख्या | स्थलगत अनुगमन गरिएको संख्या | गाउँपालिका तथा वडा कार्यालयवाट अनुगमनमा सहभागि भएको संख्या |
|---|---|---|---|---|
| १ | भङलखेत खा.पा. योजना | ४ | ४ | ४ |
| २ | ठुलागडा बिपलम खा.पा. योजना | ४ | ४ | ४ |
| ३ | खान सल्ली खा.पा. योजना | ४ | ४ | ४ |
| ४ | गैराडी सल्याडी खा.पा. योजना | ४ | २ | २ |
| ५ | ओखडानी खा.पा. योजना | ४ | २ | २ |
| ६ | डंसिला खा.पा. योजना | ४ | १ | १ |
| | जम्मा | २४ | १७ | १७ |

***तालिका ८ : गाउँपालिकाबाट परियोजनामा पेश भएका प्रतिवेदनहरु***

| क.सं. | प्रतिवेदन | आ.व. पेश गर्नुपर्ने संख्या | समयमा पेश गरिएको प्रतिवेदन संख्या | समयमा पेश गर्न नसकिएको प्रतिवेदन संख्या |
|---|---|---|---|---|
| १ | मासिक आर्थिक प्रतिवेदन ( फाँटबारी) | १२ | १२ | |
| २ | चौमासिक प्रगति प्रतिवेदन | ३ | ३ | |
| ३ | वार्षिक प्रतिवेदन | १ | १ | |
| | जम्मा | | १६ | |

परियोजना सहयोग इकाई तथा परियोजना समन्वय कार्यालयवाट विभिन्न मितिमा गरिएको जलस्रोत विकास कोषको अनुगमनको क्रममा दिइएका सुझावहरुको कार्यान्वयन निम्न बमोजिम गरिएको छ ।

***तालिका ९ : अनुगमनमा औंल्याइएका सुझाबहरुको कार्यान्वयन***

| क.सं. | अनुगमन मिति | अनुगमन टोलीले दिएको सुझाब | सुझावको कार्यान्वयन विवरण |
|---|---|---|---|
| १ | २०७४/ ९/१९ | बन जंगल संरक्षण गर्ने तथा योजनाको दिगो बिकास | कार्यान्वयन भएको । |
| २ | २०७४/ ९/२० | निर्माण पश्चातका क्रियाकलापहरु संञ्चालन गर्ने | कार्यान्वयन भएको । |
| ३ | २०७४/ ९/१८ | मर्मत सम्भार कोष स्थापना तथा भि.एम.डब्लु. परिचालन | कार्यान्वयन भएको । |
| ४ | २०७४/ १०/१५ | योजना सम्झौता गर्ने | कार्यान्वयन भएको । |

जलस्रोत विकास कोषको सम्पूर्ण खर्च रकम तोकिएको शीर्षकमा मात्र गरिएको छ । ग्रामीण जलस्रोत आर्थिक वर्षमा भएको आम्दानी खर्चको भएको रकमको विवरण गाउँपालिकाको सूचना पाटीमा मिति २०७५ /४ /१० मा प्रकाशित गरिएको छ ।

वा वेवसाइटमा राखिएको वा ......... ।

## ४. प्रगती समीक्षा तथा योजना तर्जुमा

विभिन्न मितिमा परियोजनाका क्रियाकलापहरुको प्रगती समीक्षा तथा परियोजनाको कार्यान्वयनको विषयमा गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक बसी विभिन्न विषयमा छलफल तथा निर्णयहरु गरिएको छ ।

***तालिका १० : गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक***

| बैठक नं. | मिति | प्रमुख छलफल तथा निर्णयहरु |
|---|---|---|
| १ | २०७४/ ४/२५ | समझदारी पत्रमा हस्ताक्षर |
| २ | २०७४/ ५/६ | परियोजना व्यबस्थापन समिती गटन तथा कर्मचारी व्यबस्थापन |
| ३ | २०७४/ ६/१ | परियोजना बाट संञ्चालित क्रियाकलापको प्रगती समिक्षा |
| ४ | २०७४/ ७/२६ | प्रगती समिक्षा, RMPMC अभिमुखिकरण |
| ५ | २०७४/ ८/२८ | प्रगती समिक्षा, योजनाको म्याद थप सम्बन्धमा |
| ६ | २०७४/ १०/१९ | प्रगती समिक्षा, योजना सम्झौता |
| ७ | २०७४/ ११/२१ | गुरुयोजना समायोजन र अगामी आर्थीक बर्ष मसौदा कार्यक्रम |
| ८ | २०७४/ ११/२९ | आर्थीक बर्ष २०७५ / ०७६ को प्रस्ताबित बजेट सम्बन्धमा |
| ९ | २०७५/ २/१ | खानेपानी तथा सरसफाइ रणनिती |
| १० | २०७५/ ३/५ | सहकारी सबलीकरण तालिम तथा सहयोगी संस्था सम्बन्धि छलफल |
| ११ | २०७५/ ३/२४ | सहयोगी संस्था छनोट प्रक्रिया सम्बन्धमा |

## ५. नीति तर्जुमा

गाउँपालिकाले खानेपानी, सरसफाइ, स्वच्छता एवं महिनावारी व्यवस्थापन तथा जीविकोपार्जन प्रवर्द्धन क्षेत्रमा निम्न वमोजिमका नीतिहरु तर्जुमा गरेको छ ।

१. जल उपयोग गुरुयोजना सम्बन्धि ५ बर्षे रणनिती तयारि तथा योजना तर्जुमा

२. जिबिकोपार्जन सम्बन्धि बडा स्तरिय रणनिती कार्ययोजना

## ६. सहकार्य

परियोजना कार्यान्वयनको सिलसिलामा परियोजनासँग सम्बन्धित योजना क्रियाकलापहरुमा गाउँपालिकाका विषयगत शाखाहरु र अन्य साझेदार निकायहरुबाट थप आर्थिक तथा प्राविधिक सहयोग (परियोजनाको लागि विनियोजित बजेट भन्दा बाहेक) उपलब्ध भएको छ ।

***तालिका ११ : परियोजनासँग सम्बन्धित कृयाकलापहरुमा सहकार्य***

| क्र.सं. | निकायको नाम | कार्यक्रम | सहकार्यको प्रकार | सहकार्यको रकम रु. (वा बराबर) |
|---|---|---|---|---|
| १ | कृषि शाखा, भागेश्वर गा.पा. | ३ दिने घरबारी व्यबस्थापन तालिम | बिउबिजन बजेट सहयोय | १५,००० |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

| | | | | |
|---|---|---|---|---|
| २ | कृषि शाखा, भागेश्वर गा.पा. | आयआर्जन प्रबर्द्दन तथा पोलिहाउस निर्माण खरिद | पोलिहाउस,सिलपोलियन छानो निर्माण | २८,५०० |
| | | | | |

## ७. आइपरेका समस्याहरु

आर्थिक वर्ष २०७४/०७५ मा यस गाउँपालिकामा परियोजना कार्यान्वयनको सिलसिलामा निम्न बमोजिमका समस्याहरु आइपरेका थिए जसको समाधान निम्न उपायहरुवाट गरिएको थियो ।

*तालिका १२ : आइपरेका समस्याहरु तथा समाधानका प्रयासहरु*

| क्र.सं. | समस्याहरु | समाधानका प्रयासहरु |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

**अनुसूची १ : यस आ.व.मा संचालित योजनाहरुको विवरण**

| योजनाको नाम | वडा नं. | योजनाको अनुमानित लागत (रु) | यस योजनामा हालसम्म भएको खर्च ( रु) | यस आ.व.मा भएको खर्च ( रु) | यस योजनामा गाउँपालिकाको खर्च | आगामी आ.व.मा क्रमागत भई जाने आयोजनाको संख्या | आगामी आ.व.मा हुने खर्चको लक्ष | यस आ.व.मा सम्पन्न आयोजना बाट लाभान्वीत जनसंख्या |
|---|---|---|---|---|---|---|---|---|
| **खानेपानी तथा सरसफाइ योजना** | | | | | | | | |
| भडलखेत खा.पा. योजना | ३ | ३२,९२,४१३ | *गत आ.ब.मा बाकी रकम निकासा भएको* | ९,२१,९८० | | | | |
| ठुलागडा बिपलम खा.पा. योजना | ३ | ३४,६४,४३५ | *गत आ.ब.मा बाकी रकम निकासा भएको* | ९,९६,०७४.७८ | | | | |
| खान सल्ली खा.पा. योजना | ३ | ३६,४५,२०९ | *गत आ.ब.मा बाकी रकम निकासा भएको* | १०,२६,८०७ | | | | |
| गैराडी सल्याडी खा.पा. योजना | ३ | ३६,४५,२०९ | १२,६१,०९२ | १२,६१,०९२ | | | | |
| ओखडानी खा.पा. योजना | ५ | १,००,९४,७५०.१६ | ३५,०३,९५० | ३५,०३,९५० | | | | |
| डंसिला खा.पा. योजना | ३ | ५८,६१,२७२.१६ | २१,६३,२६१ | २१,६३,२६१ | ७,०३,३५२.६६ | | | |
| **सिँचाई योजना** | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| **संस्थागत शौचालय** | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

(**स्रोतः scheme card** *डाटावेस, सम्पर्क जिल्लाको* **TSU**)

## अनुसूची २ : यस आ.व.मा संचालित तालिमहरुको विवरण

| क.सं. | सञ्चालित तालिमको नाम | वडा नं. | तालिमको अवधि दिन | तालिम संख्या | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| खानेपानी योजना चरणवद्ध कार्यपद्धति वमोजिमका तालिम | | | | | | | | | | |
| १ | तयारी चरण | ३ र ५ | ७ | ५ | ३ | २ | | | ३६ | ३८ |
| २ | उ.स.ब्यबस्थापन तथा सामान खरीद प्रक्रिया | ३ र ५ | ३ | ६ | ६ | ८ | | | ६ | ८ |
| ३ | कार्यान्वयन चरण | ३ | ४ | ४ | | | | | १७ | १४ |
| ४ | पानी सुरक्षा योजना | ३ | ३ | २ | ३ | २ | | | २५ | १६ |
| ५ | मर्मत सम्भार कार्यकर्ता तालिम | ३ र ५ | १४ | २ | | | | | | ४ |
| सरसफाइ, स्वच्छता तथा महिनावारी व्यवस्थापन सम्बन्धी तालिमहरु | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| जिवीकोपार्जन तथा सहकारी विकाससंग सम्बन्धित तालिमहरु | | | | | | | | | | |
| १ | ३ दिने घरबारी ब्यबस्थापन तालिम | ३ र ५ | ३ | ७ | ९ | १ | | | १५७ | ३७ |
| २ | ५ दिने अगुवा कृषक सम्बन्धि तालिम | ३ र ५ | ५ | १ | | | | | ४ | ३ |
| ३ | | | | | | | | | | |
| स्थानीय स्रोत व्यक्ति विकाससंग सम्बन्धित प्राविधिक तालिमहरु | | | | | | | | | | |
| १ | स्थानीय स्रोत व्यक्ति विकास तालिम | ३ र ४ | ३ | २ | | | | | १ | १ |
| २ | | | | | | | | | | |
| | | | | | | | | | | |
| जलउपयोग तथा जीविकोपार्जन कार्यान्वयन गुरुयोजनासंग सम्बन्धित तालिमहरु | | | | | | | | | | |
| १ | जलउपयोग गुरुयोजना | ४ | ३ | १ | ३ | ३ | १ | | १ | २२ |
| | | | | | | | | | | |
| नवीकरणीय उर्जा तथा जलवायु परिवर्तन संग सम्बन्धित तालिमहरु | | | | | | | | | | |
| १ | सुधारिएको चुलो | ४ | ५ | १ | | | | | | ५ |
| २ | | | | | | | | | | |
| गाउँपालिका तथा जिल्ला स्तरीय क्षमता विकास तालिमहरु | | | | | | | | | | |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ५ दिने अगुवा कृषक तालिम | ३ र ५ | ५ | १ | | | | | ४ | ३ |
| २ | १ दिने घरबारी ब्य. तथा पुर्नताजगी तालीम | १ | १ | | | | | | ७ | |



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

## अनुसूची ४ : गाउँपालिकाका नमूना उपलब्धीहरु तथा सफलताका कथाहरु

=॥०॥= सफलताको कथा =॥०॥=

# शिर्षक:- "उद्यमशिलता का लागी इच्छाशक्ती र समय व्यवस्थापन"

आफुमा तिब्र इच्छाशक्ती प्रस्फुटन र, उचित समय व्यवस्थापन गर्न सकेमा गरिबी न्युनीकरण तथा आयआर्जन मा वृद्धी गर्न सकिन्छ भन्ने उक्ती प्रमाणीत गरेर देखाएका छन् श्री स्यालतोली घरवारी तथा आयआर्जन कृषक समुह भागेश्वर गा० पा० - ३ मउ, डडेल्धुरा का अगुवा कृषक तिर्थराज पाण्डेय ज्युले।

वि० स० २०७३/०७४ साल तिर ग्रा० ज० व्य० प० डडेल्धुरा द्वारा आयोजित, ०३ दिने घरवारी व्यवस्थापन तालीम लिई कन्दुर प्रनाली बाट १ रोपनी जमिन मा खुला प्रविधि बाट तरकारी खेती व्यवसाय सुरु गरेका उनी, पेशा ले समुदाय मै रहेको प्राथमिक विद्यालय का शिक्षक पनी हुन्। दिउसो १० बजे देखी साँझ ४ बजे सम्म शिक्षण पेशा मा आवद्ध भई प्रत्येक दिन साँझ, बिहान को २/२ घण्टा समय उनी पोलीहाउस भित्र काम मा व्यस्त देखा पर्दछन्।

तरकारी उत्पादन का दृष्टीबाट उचित हावापानी/उत्पादन योग्य जमिन तथा बजार, सडक पहुँच भएको उक्त क्षेत्र मा वि० स० २०७५ साल बैशाख महिना मा भागेश्वर गा० पा०/RVWRMP-III द्वारा श्री स्यालतोली आयआर्जन कृषक समुह गठन गरि ०३ दिने व्यवसायिक तरकारी खेती सम्बन्धी तालीम (पोलीहाउस लक्षीत) समुह लाई प्रदान गरि कृषकहरुको शिप/क्षमता अभिवृद्धी गरियो। जसबाट प्रभावित भई समुह का अगुवा कृषक एवं शिक्षक तिर्थराज पाण्डेय लगायत थप ४ जना कृषकहरु व्यवसायीक रुपमा पोलीहाउस मा टमाटर, काँक्रा लगायत अन्य मौसमी/बेमौसमी तरकारी खेती व्यवसाय सुरु गरेका छन्। विगतमा पाखो धान खेती गरि दैनिक आवश्यक तरकारीहरु बजार बाट खरिद गर्दै गुजारा गरिरहेका र बर्षभरिमा ५०-६० हजार बराबर को आर्थिक भार खेप्दै आएका अगुवा कृषक पाण्डेय जी हाल २ वटा छाना र १ वटा फुल घर गरि कुल ०३ वटा पोलीहाउस मा व्यवसायीक तवरले टमाटर तथा काँक्रा खेती गरिरहेका पाइन्छन् भने करिब २ रोपनी जग्गा मा कन्दुर प्रनाली मा आधारित खुला प्रविधी बाट अन्य मौसमी तरकारी खेती समेत गरि उत्पादन गरिरहेका छन्।

" उत्पादीत तरकारी स्थानीय समुदाय र भागेश्वर गा. पा. - ३ बोगटा बजार क्षेत्र मा बिक्री गरि प्रति सिजन प्रति पोलीहाउस ३० हजार सम्म आम्दानी गरेर मुनाफा कमाइ रहेका उनी मासिक ३ देखी ५ हजार बराबर को खुला प्रविधिमा उत्पादीत मौसमी तरकारी समेत बिक्री गरि बार्षिक १ देखी डेढ लाख सम्म नगद आम्दानी गर्न सफल भएको उदाहरण सुनाउछन्। अगुवा कृषक पाण्डेय जी अनुभव सुनाउदै अगुवा कृषक भन्नुहुन्छ, " म पेशा ले शिक्षक हुँ र विद्यालय समय बाहेक बचेको साँझ बिहान को समय मैले पोलीहाउस तथा खुला बारीमा दिनको २-३ घण्टा खर्च गरी व्यवस्थापन गर्ने गरेको हु। र मेरो हाल तरकारी खेती व्यवसाय बाट सुधार भएको आयआर्जन को अवस्था देखेर मेरो आयआर्जन


GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland

कृषक समुह का थप ०४ जना कृषकहरु ले पनी पोलीहाउस मा बेमौसमी तरकारी खेती व्यवसाय को सुरुवात गरेका छन्। उत्पादित तरकारी लाई उचित ढंग बाट बजार व्यवस्थापन का निमित्त यस क्षेत्र लाई कुनै मुख्य २ वटा तरकारी जात हरु को उत्पादन पकेट घोषनागरी सम्पुर्ण यस क्षेत्रका कृषक दाजुभाईहरु ले समान किसिमको तरकारी उत्पादन गर्न सके मा अत उचित मुल्य पाइने र कृषक हरुको चाँडै जिविकोपार्जनमा सुधार हुन सक्ने प्रचुर सम्भावना छ। बागेश्वर गा.पा./RVWRMP-III द्वारा कृषक समुह गठन गरी घरबारी तथा आयआर्जन समुह लाई शिप तथा समता विकास का गतिविधी सञ्चालन गरी सुन किसिमले विपन्न वर्ग का कृषक हरु को जिविकोपार्जन मा सुधार ल्याउने र समृद्द समुदाय निर्माण गर्न सकिन्छ भन्ने कुरामा दुई मत छैन र यसको सम्पुर्ण श्रेय केबल RVWRMP ddl. लाई दिन चाहन्छु। र हाल छिमेकी राष्ट्र भारत तथा खाडी मुलुक मा दुःख खेपिरहेका युवाहरुलाई म जस्तै स्वदेशमै जिविकोपार्जन मा सुधार ल्याउन तथा आफ्नो आयआर्जन बढाउन चाहने इच्छुक कृषक दाजुभाईहरु ले परियोजना द्वारा निर्मित खा. पा. यो. हरु मा नियमित रुपमा पानी महशुल तिर्न र सुद्द खानेपानी दिर्घो रुपमा सञ्चालन गरि राख्न का निमित्त मौसमी/बेमौसमी व्यवसायीक तरकारी खेती गरि उद्यमशिल बन्न का निम्ती आफ्नो मुख्य पेशा। पश्चात बाँकी रहेको समय को उचित व्यवस्थापन र तिव्र इच्छा राखी नै एक मात्र विकल्प को बाटो हुन सक्छ भन्ने सन्देश समेत दिन चाहन्छु।

धन्यवाद....!

तयार गर्ने

नाम:- सन्तोष राज जोशी

कार्यालय :- बागेश्वर गा.पा./RVWRMP-III

पद :- जिविकोपार्जन प्रर्वधक


हस्ताक्षर :- [signature]

मिति :- २०७५।०४।२२

# सफलताको कथा

डडेल्धुरा जिल्लाको भागेश्वर गा.पा. वडा नं. ३ भेगलखेत खा.पा. योजनामा सपफ्री घरबारी व्यवस्थापन समुहका ३५ जना कृषक एकजुट भइ गठन भएको थियो। जुन क्षेत्र डडेल्धुरा अ.न.पा. र सदरमुकाम देखि करिब ५८ km पश्चिम तिर पर्छ। यस समुदायमा करिब १ वर्ष पहिले भागेश्वर गा.पा. / RVWRMP-III परियोजना द्वारा मुख्य योजनाको प्राथमिकता क्रम अनुसार भेगलखेत खा.पा.यो. निर्माणका लागि पहल सुरु गरे संगै घरबारी व्यवस्थापनका समुहमा पूर्ण सरसफाई बारे समेत तालिम समुह गठन गरियो। यस वम्का र कुडाआम भन्ने टोलमा श्री सपफ्री घरबारी समुह गठन गरी "०३ दिने तालिममा पूर्ण सरसफाइका सुचाङ्कको Demonstration समेत गरी समुहमा छलफल गरियो। त्यसपछि प्रत्येक महिनामा समुहमा छलफल गरियो। त्यसपछि लगतै तालिमबाट प्रभावित भएर समुहका सदस्यहरु पूर्ण सरसफाइका सूचाङ्क र व्यवहार लाई परिवर्तन गर्न तिर लागे। घरायसी पूर्ण सरसफाइको अनुगमन फाराम पनि प्रत्येक घरेयलो चार पटक सुझाव सल्लाह सहित भर्ने गरियो।

आजको सफलता र विगतको जिवनशैली बारे अनुभव सुनाउँदै सपफ्री समुहकी अध्यक्ष ललिता शाही भन्छीन् "यस RVWRMP डडेल्धुरा द्वारा कार्यक्रम संचालन/कार्यान्वयन हुन अगाडि हामी नै मानिस थिए घर आगन जमिन पानि यही नै थियो तर याहा थिएन हाम्रो घर आ. गनलाई कसरी व्यवस्थापन गर्ने, कसरी राम्रो घरबार बनाउने पूर्ण ससफाई बारे नै याहा थिएन। फाइदा। वेफाइदा। केहि पनि याहा थिएन। घर आगन जस्तो सुकै सानो ठुलो भए तापनि जताततै फोहर हुन्थ्यो। अहिले आएर पूर्ण सरसफाई बारे पूर्ण रुपमा याहा पाइ सकेका छौं। घर आगनको बनावट गोठ व्यवस्थापन, फोहर व्यवस्थापन, चाङ्ग, गुरुपाल, गोठे, मल सुधार महिनावारीको बेला सुरक्षित सफा निवास, पोसिलो आहार नियमित सरसफाई फोहर गरेको पानीको सदुपयोग गरेर, तरकारी फलाएर आर्थिक भारलाई कम गर्न र पोषणको स्तरमा सुधार ल्याउन पनि इत्यादि क्रियाकलापको ~~क्रियाकलापको~~ व्यवस्थापन अनिवार्य रुपमा गरिरहेका छौं।"


यसैमा यस्तै फेरी समुदको उदेश्य अन्तीर "यस RVWRmp को गुन काम गर्ने तरिका छ। यसले प्रत्येक घरधुरीमा एक धारा र पूर्ण सरसफा-ई सम्बन्धी सिकाएर अनुगमन गर्न आएको छ। यसले धेरै दैनिक व्य-वहारलाई परिवर्तन ल्याएको पाइन्छ। जसले गर्दा पोषणमा पनि सुधार ल्याएको छ। पूर्ण सरसफाइमा प्रतिस्पर्धाको भावना आइसकेको छ।

प्रत्येक घर आगन सम्म यो कार्यक्रम पुगोस जसरी सयपनी समुदका प्रत्येक सदस्यले पूर्ण सरसफाई घरधुरी बनाएका छौं। त्यसै गरी प्रत्येक घरधुरीमा पूर्ण सरसफाई भएर पूर्ण सरसफाइको जिल्ला डडेल्धुरा भनेर घोषणा होस। प्रत्येक नेपालका नागरीकले स्वस्थ्य र सफा जिवनयापन गरेर पोषणको स्तरमा पनि सफलताको शिखरमा पुगोस भन्न चाहन्छु"।

यस पछि पनि यसरी नै पूर्ण सरसफाई तिर मै निरन्तर दिएर टोल, वडा, गा.पा र जिल्ला नै पूर्ण सरसफाईको जिल्ला भनेर घोषणा गर्न तिर लाग्ने प्रतिवद्धता गर्न चाहन्छु।

धन्यवाद


तयार गर्ने :-
कलावती मल्ल
सरसफाई तथा स्वास्थ्य प्रवर्द्धक
भागेश्वर गा.पा / RVWRmp-III



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland




सफलताको कथा

डडेल्धुरा जिल्लाको भागेश्वर गा.पा वडा नं ३ लामेकाँडेमा श्री गोविन्द पुरी मा.वि.को स्थापना वि.स २०१७ मा भएको थियो। जुन क्षेत्र डडेल्धुरा अ.न.पा -४ सदरमुकाम देखि करिब -८० पश्चिम तर्फ अवस्थित छ। यस विद्यालय वरिपरिको वातावरण स्वच्छमै प्रदुषित भएको पाइयो।

यस विद्यालयमा ५ वर्ष पहिले भागेश्वर गा.पा। RVWRMP-III परियोजना द्वारा WASH कार्यक्रमको प्राथमिकता अनुसार श्री गोविन्द पुरीको वातावरणलाई प्रदुषित बनाउ रहित बनाउनको लागि र पठन पाठनलाई नियमितता ल्याउनको लागि ८ कोठे चर्पीको निर्माण गरेयो। महिनावारीको बेला पनि प्रयोग गरिएका साधनको व्यवस्थापन सहितको छुट्टै changing room को पनि व्यवस्थापन गरिएको छ।

आजको सफलता र विगतको जीवनशैली र विद्यालयको सरसफाई बारे अनुभव सुनाउँदै श्री गोविन्द पुरी मा.वि मा गठित बाल-क्लबकी अध्यक्ष कक्षा १० मा अध्ययनरत अमृता मल्ल भन्छिन्। "यस विद्यालयमा RVWRMP डडेल्धुरा द्वारा कार्यक्रम सञ्चालन / कार्यान्वयन हुन अगाडि पनि एउटा मात्र चर्पी थियो तर प्रयोग गर्न पाउँदैन शिक्षक शिक्षिकाले मात्र प्रयोग गर्थे। विद्यार्थीहरूलाई दिसा पिसाब गर्नको लागि धेरै अप्ठ्यारो थियो। विद्यालयको वरिपरिको जमिनमा नै दिसा पिसाब गरेर विद्यालयको वातावरण प्रदुषित हुन्थ्यो। पानीको व्यवस्थापन पनि थिएन। दिसा गरे पछि पातले पुछेर फाल्ने गर्थे कहाँ साबुन पानी पनि हुन्थेन हात धुउनलाई त्यसै हातले खाना खान्थ्यौं त्यस कारण विभिन्न महामारी जन्य रोग फैलिएर ठुलो संख्यामा क्षति पुर्‍याउथ्यो। बिरामी भएर पठन पाठनमा नियमित। हुन्थेन महिनावारीको बेला विद्यालय आउँदैनन् छात्राहरु। इत्यादी कारणले विद्यालयको शैक्षिक स्तरमा पनि माथितिर उकास्न गाह्रो हुन्थ्यो


अहिले आएर हाम्रो विद्यालयको वातावरण प्रदुषण रहित छ। छात्रा छात्रहरुको लागि पानी सहितको चर्पीको व्यवस्थापन छ हात धुनको लागि चर्पीको बाहिर धारामा साबुन सहित धारा को व्यवस्था छ। सबै विद्यार्थीहरुलाई चर्पीको प्रयोगको फाइदाबारे पनि थाहा छ। हात धुनपर्ने जोखिम अवस्थाबारे पनि परिचित छन्। विद्यालयको चारै दिशामा फोहर फाल्ने खाडलको व्यवस्थापन गरि- एको छ।"

यसैमा थप्दै फेरी कक्षा १० की छात्रा भन्नुहुन्छ "जुन RVWRMP भा गा पा ले हाम्रो विद्यालयलाई दिसामुक्त विद्यालय घोषणा गरेर विद्यालयको वातावरणलाई प्रदुषित रहित बनाएर छात्रा छात्रहरुको ठुलो समस्यालाई ~~समस्यालाई~~ समाधान गरेर सरसफाइको क्षेत्रमा नमुना विद्यालयको रुपमा घोषणा गर्निको साथै विद्यालय वरिपरि वृक्षारोपण र फुलबारी पनि बनाएर सफा र स्वच्छ भएको विद्यालय बनाउनु चाहन्छु।"

धन्यवाद

तयार गर्ने :
कलावती मल्ल
सरसफाइ तथा स्वास्थ्य प्रवर्द्धक
भागेश्वर गा.पा। RVWRMP-III

## अनुसूची ५ : भिजिबिलिटी

क्रियाकलापहरुको उपभोक्ता, सरोकारवाला तथा आम जनमानसमा सन्देश प्रवाह गर्नको लागि यस आर्थिक वर्षमा तपसील बमोजिमका माध्यमबाट प्रचार प्रसार गरिएको छ ।

| क्र.सं. | माध्यम | मिति | प्रसारण गरिएको विषयवस्तु |
|---|---|---|---|
| १ | पत्रपत्रिका | **२०७५/३ /३१** | **सुचना प्रशारण** |
| २ | रेडियो | **२०७५/२/१०** | **रेडियो सन्देश कार्यक्रम** |
| ३ | टेलिभिजन | | |
| ४ | सामाजिक सञ्जाल | | |
| ५ | प्रदर्शनी | | |
| ६ | श्रव्य दृष्य सामाग्रीहरु | | |
| ७ | अन्य सूचना शिक्षा सञ्चार सामाग्रीहरु | | |

उपरोक्त भिजिबिलीटी सम्बन्धी सामाग्रीहरुको प्रति संलग्न गरिएको छ ।

## अनुसूची ६ : जनशक्ति विवरण

आर्थिक वर्ष २०७४/०७५ मा यस गाउँपालिकामा परियोजना कार्यान्वयनको सिलसिलामा गाउँकार्यपालिका कार्यालय, परियोजना तथा सहयोगी संस्थाहरुवाट तपसील बमोजिम जनशक्ति परिचालन भएका थिए ।

| क्र.सं. | कर्मचारीको नाम | कार्यालय | पद | जम्मा अनुमानित योगदान (महिनामा) |
|---|---|---|---|---|
| १. | इश्वरी दत्त पन्त | भागेश्वर गाउँपालिका | स्थलगत समन्वयकर्ता | १२ |
| २. | धर्म सिं भण्डारी | भागेश्वर गाउँपालिका | सब- ईन्जिनियर | |
| ३. | कलावती मल्ल | भागेश्वर गाउँपालिका | स्वास्थ्य प्रबर्द्धक | |
| ४. | सन्तोष जोशी | भागेश्वर गाउँपालिका | जिविकोपार्जन प्रबर्द्धक | |
| ६. | प्रेम सिह साउद | भागेश्वर गाउँपालिका | जलस्रोत प्राबिधिक | |

**कार्यक्रमका केहि झलकहरुः**












GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland










GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland










THANKS